# लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०६७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६७।११।९

लोक सेवा आयोग नियमावली, २०६७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लोक सेवा आयोग ऐन, २०६६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०६७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **लोक सेवा आयोग नियमावली, २०६७ को नियम २७ मा संशोधन** : लोक सेवा आयोग नियमावली, २०६७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २७ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) आयोगको क्षेत्रीय तथा अञ्चल कार्यालयमा हुने अन्तर्वार्ताको लागि सम्बन्धित कार्यालय प्रमुख वा निजले तोकेको निकटतम अधिकृत कर्मचारीको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन हुनेछ । आयोगको क्षेत्रीय तथा अञ्चल कार्यालयको कार्यालय प्रमुख पद रिक्त रहेको अवस्था वा अन्य कारणबाट उपयुक्त देखिएमा उक्त कार्यालयबाट सञ्चालन हुने अन्तर्वार्ताका लागि समान श्रेणी/तहको कर्मचारी वा सो कार्यालयको कार्यालय प्रमुख भन्दा ज्येष्ठ कर्मचारीले अध्यक्षता गर्ने गरी आयोगको केन्द्रीय कार्यालयबाट प्रतिनिधि खटाउन सकिनेछ।"

३. **मूल नियमावलीमा नियम ४२क. थप** : मूल नियमावलीको नियम ४२ पछि देहायको नियम ४२क. थपिएको छ :-

**"४२क. पदपूर्ति सम्बन्धी कार्यमा सहयोग गर्न सक्ने** : आयोगले ऐनको दफा १२ बमोजिम सैनिक सेवा, सशस्त्र प्रहरी सेवा वा अन्य सरकारी सेवा वा सार्वजनिक संस्थाका कर्मचारीको पदपूर्ति सम्बन्धमा सम्बन्धित निकायबाट अनुरोध भई आएमा आयोगले आवश्यकता अनुसार ती निकायहरुको पदपूर्ति सम्बन्धी कार्य सम्पन्न गरी सहयोग गर्न सक्नेछ।"

४. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची-२ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-२ राखिएको छ।

(२) अनुसूची-५को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-५ राखिएको छ।

## अनुसूची-२

(नियम २४ को उपनियम (१) सँग सम्बन्धित)

**लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दाको संख्या**

१. लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा माग भएको रिक्त पदसंख्यामा देहाय बमोजिम उत्तीर्ण उम्मेदवारहरू थप गर्नु पर्नेछ :-

| सि.नं. | माग भएको रिक्त पद संख्या | थप हुने संख्या | कायम हुने उम्मेदवार संख्या |
|---|---|---|---|
| (१) | १ देखि ५ सम्म भएमा | २ | ३ देखि ७ सम्म |
| (२) | ६ देखि १० सम्म भएमा | ३ | ९ देखि १३ सम्म |
| (३) | ११ देखि १५ सम्म भएमा | ४ | १५ देखि १९ सम्म |
| (४) | १६ देखि २०सम्म भएमा | ५ | २१ देखि २५ सम्म |
| (५) | २१ देखि २५ सम्म भएमा | ६ | २७ देखि ३१ सम्म |
| (६) | २६ देखि ३० सम्म भएमा | ७ | ३३ देखि ३७ सम्म |
| (७) | ३१ देखि ३५ सम्म भएमा | ८ | ३९ देखि ४३ सम्म |
| (८) | ३६ देखि ४०सम्म भएमा | ९ | ४५ देखि ४९ सम्म |
| (९) | ४१ र सो माथि जतिसुकै भएमा | २० प्रतिशत | |

२. एकीकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनको हकमा खण्ड (१) बमोजिम कायम हुने उम्मेदवारको संख्यामा दश प्रतिशत थप गरी उम्मेदवार संख्या कायम गर्नु पर्नेछ।

**स्पष्टीकरण** : यस नियमावलीको अनुसूचीको प्रयोजनको लागि "एकीकृत परीक्षा प्रणाली" भन्नाले एउटै श्रेणी वा तहका विभिन्न सेवा वा समूह वा उपसमूहमा रहेका विभिन्न पदहरुका लागि सञ्चालन हुने परीक्षा मध्ये सवै वा केही विषयमा एउटै परीक्षाको माध्यमबाट सञ्चालन गर्ने परीक्षा प्रणाली सम्झनु पर्छ।

नेपाल कानून आयोग

३. प्रयोगात्मक परीक्षा हुने प्राविधिक पदमा लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षाको लागि छनौट गर्दा रिक्त माग पद संख्या १ देखि ५ सम्म भएमा थप ५ जना उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ। माग भएको रिक्त पद संख्या ६ वा सो भन्दा बढी भएमा माग भएको पद संख्याको दोब्बर संख्यामा उम्मेदवारको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

४. समान स्तरका विभिन्न पदको लागि एउटै समयमा भएको भिन्दा भिन्दै विज्ञापन बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्य पदको नतिजामा नाम समावेश भएकामध्ये जतिजना उम्मेदवारको नाम त्यसपछि प्रकाशन हुने पदको नतिजामा समावेश भएको छ त्यतिकै संख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

५. खण्ड (३) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तिम प्राप्ताङ्क समान भएका उम्मेदवार एकभन्दा बढी भएमा त्यस्ता सबै उम्मेदवारको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्नेछ।

६. खण्ड (३) बमोजिम नतिजाको लागि संख्या निर्धारण गर्दा ०.५ (शून्य दशमलव पाँच) वा सो भन्दा बढी हुन आएमा मात्र पूर्ण अङ्क एक मान्नु पर्नेछ।

७. खण्ड (१) वा (३) बमोजिम नतिजा प्रकाशन गर्दा कुनै कठिनाई आईपरेमा आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ।

८. माथिल्लो श्रेणी वा तह वा पदमा पहिले नै नियुक्तिको लागि सिफारिस भैसकेको उम्मेदवारको नाम अर्को पदको विज्ञापनको लिखित परीक्षाको नतिजामा समावेश गरिने छैन र समावेश नभएको संख्या बराबर अन्य उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

नेपाल कानून आयोग

# अनुसूची - ५

(नियम ३२ सँग सम्बन्धित)

## वैकल्पिक उम्मेदवारको संख्या

१. उम्मेदवारको नियुक्तिको लागि योग्यताक्रम सूची प्रकाशन गर्दा देहाय बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार समावेश गरी सूची प्रकाशन गर्नु पर्नेछ।

| सि.नं. | माग भएको रिक्त पदसंख्या | वैकल्पिक उम्मेदवारको संख्या |
|---|---|---|
| (१) | १ देखि ३ सम्म भएमा | १ |
| (२) | ४ देखि ८ सम्म भएमा | २ |
| (३) | ९ देखि १५ सम्म भएमा | ३ |
| (४) | १६ देखि २० सम्म भएमा | ४ |
| (५) | २१ र सो भन्दा माथि जतिसुकै भएपनि - २० प्रतिशत | |

२. एकिकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनको हकमा उम्मेदवारले उल्लेख गरेको प्राथमिकताक्रमको आधारमा सिफारिसको योग्यताक्रममा नपरेका सबै उम्मेदवार समावेश हुने गरी बैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ।

३. खण्ड (१) बमोजिम बैकल्पिक उम्मेदवारको सूची तयार गर्दा एकभन्दा बढी उम्मेदवारको अन्तिम प्राप्ताङ्क समान भएमा नियम ३१ को उपनियम (२) बमोजिम योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

नेपाल कानून आयोग